# हुलाकी राजमार्गसम्बन्धी समन्वय बैठक
## २०७७ चैत्र २२ गते आइतबार

आज मिति २०७७/१२/२२ गते आइतबार जिल्ला प्रशासन कार्यालय, सर्लाहीका श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको विशेष चासो एवम् आयोजनामा प्रहरी प्रमुख, सशस्त्र प्रहरी प्रमुख, उपअनुसन्धान निर्देशक, सडक डिभिजन चन्द्रनिगाहापुर, रौतहटका निमित्त डिभिजन प्रमुख र सर्लाही जिल्लामा पर्ने हुलाकी राजमार्ग अन्तर्गतका आयोजनाका निर्माण व्यावसायी (ठेकेदार) समेतका उपस्थितिमा देहायबमोजिम समन्वय बैठक बसी निर्णय गरियोः-

**उपस्थिति**

| कर्मचारी/पदाधिकारीको नाम थर | पद/दर्जा | कार्यालय/दलको नाम | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| हेमराज तामाङ | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | ९८५४०७७७७७ | |
| सन्तोषसिंह राठौर | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | ९८५४०७५५५५ | |
| गंगाराम श्रेष्ठ | सशस्त्र प्रहरी उपरीक्षक | नं. १० हे.क्वा., सर्लाही | ९८५१२७२१०८ | |
| दिलिप कुमार सिंह | उपअनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान कार्यालय | ९८५४०२९९२० | |
| नरेश प्रसाद केशरी | नि. डि. प्रमुख | सडक डिभिजन, चन्द्रनिगाहापुर | ९८५१०७०७५० | |
| रमेश कुमार गोइत | इन्जिनियर | सडक डिभिजन, चन्द्रनिगाहापुर | ९८४७६२३३८२ | |
| राम प्रसाद पटेल | प्याकेज नं. ३, ठेक्का नं ६४-०७२/७३ शितलपुर मलंगवा खरियापुर हुलाकी सडक निर्माण व्यवसायी | दिवा निर्माण सेवा प्रा.लि., सातदोबाटो, ललितपुर | ९८५५०४१२०२ | |
| नागेन्द्र साह | प्याकेज नं. २, ठेक्का नं ६३-०७२/७३ शितलपुर मलंगवा खरियापुर हुलाकी सडक निर्माण व्यवसायी | हिम्डुङ एण्ड थोकर/साह निर्माण सेवा जेभि, रौतहट | ९८५४०३५७०९ | |
| शिवहरि सापकोटा र यादव सरकार | प्याकेज नं. १, ठेक्का नं ६२-०७२/७३ शितलपुर मलंगवा खरियापुर हुलाकी सडक निर्माण व्यवसायी | हिम्डुङ एण्ड थोकर/हिरा एण्ड नमिता जेभि, काठमाडौं | ९८५१०६९७७१/ ९८५११४६९२१ | |

**विशेष आमन्त्रित:**

१. मेथुर चौधरी, जिल्ला समन्वय प्रमुख ~~अधिकारी~~, जिल्ला स. समिति, सर्लाही ९८४४०३२६९८

Scanned with CamScanner

## निर्णयहरू

सर्लाही जिल्लाभित्र हुलाकी सडक आयोजनाअन्तर्गतको कामकारवाहीको प्रगति सन्तोषजनक नरहेकोले मुख्य समस्याहरूको पहिचान गरी सोको समाधानतर्फ तत्काल कदम अघि बढाई सडक निर्माणको कामकारवाहीलाई उत्कृष्ट ढंगले अघि बढाउन देहायबमोजिम निर्णय गरियोः–

### मुख्य समस्या/मुद्दाको पहिचान

१. बजेटको सुनिश्चितता समयमै नहुनु ।
२. भेरिएसन आदेश स्वीकृति समयमै नहुनु ।
३. ठेक्काको म्याद थपसम्बन्धी प्रक्रिया अघि बढाउन ढिला हुनु ।
४. साइट क्लियरेन्सका कारण काम गर्न कठिनाइ हुनु ।
५. सडक आयोजनाको प्रगति सन्तोषजनक नहुनु ।

### पहिचान गरिएका मुख्य समस्या/मुद्दाको सम्बोधनसम्बन्धमा गरिएका निर्णय

**निर्णय नं. १: बजेटको सुनिश्चितता सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क) बजेटको सुनिश्चितता गर्न सडक डिभिजन चन्द्रनिगाहापुरले प्रक्रिया बढाई सकेको हुँदा त्यसको शिघ्र नतिजा आउने गरी पहल गर्ने ।

ख) पहल तथा अनुरोध गर्दा पनि ढिला भएकोमा जिल्ला प्रशासन कार्यालयसँग रिर्पोटिङ तथा समन्वय गरी सडक डिभिजन कार्यालयले बजेटको सुनिश्चितता गर्ने कार्यलाई तीव्रता दिने ।

ग) आवश्यकतानुसार जिल्ला प्रशासन कार्यालयले सम्बन्धित निकायहरू सँग समन्वय गरिदिने ।

**निर्णय नं. २: भेरिएसन आदेश स्वीकृति सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क) ०७२/७३ - नं. ६३ को ठेक्काको भेरिएसन प्रक्रियामा रहेको हुँदा सो को स्वीकृतिका लागि सडक डिभिजन चन्द्रनिगाहापुरले शिघ्र नतिजा आउने गरी पहल गर्ने ।



Scanned with CamScanner

ख) आवश्यकतानुसार जिल्ला प्रशासन कार्यालयले समन्वय तथा सहजीकरण गर्ने।

**निर्णय नं. ३: ठेक्काको म्याद थप सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो:–

क) ०७२/७३ - नं. ६२, ६३ को ठेक्काको म्याद थपसम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को पछिल्लो संशोधन अनुसार सम्बन्धित ठेकेदारलाई ठेक्काको प्रगति तुरून्त पेश गर्न लगाई प्रगति सन्तोषजनक देखिएमा मन्त्रिपरिषद्मा म्याद थप गर्नका लागि प्रक्रिया अविलम्व अघि बढाउने ।

**निर्णय नं. ४: साइट क्लियरेन्स सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो:–

क) साइट क्लियरेन्स सम्बन्धमा समस्या देखिएको स्थान तथा क्षेत्रको पहिचान गरी विवरण संकलन गर्ने ।

ख) सम्बन्धित ठेकेदार, सडक डिभिजन, प्रहरी (सशस्त्र समेत्) र जिल्ला प्रशासन कार्यालयको समन्वयमा साइट क्लियरेन्सको मुद्दा/समस्यालाई न्यायिक एवम् कानूनी हुने गरी यथाशिघ्र सम्बोधन गर्ने ।

**निर्णय नं. ५: सडक आयोजनाको प्रगति वृद्धि सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो:–

क) सबै ठेक्का सम्झौता बमोजिमको निर्माण व्यवसायीले दत्तचित्त भई कार्य गर्ने ।

ख) सडक डिभिजन चन्द्रनिगाहापुरले समय समयमा अनुगमन गरी प्रगतिको अवस्था प्रतिवदेन/जानकारी गराउने । आवश्यक सुधारको सुझाव दिने ।

ग) जिल्ला प्रशासन कार्यालयले समेत् समय समयमा प्रगतिको अनुगमन गर्ने । आवश्यकतानुसारको निर्देशन एवम् सुझाव दिने ।

घ) सडक निर्माणको गुणस्तर, समय, परिमाण र लागत प्रभावकारिता वृद्धि गर्न सरोकारित सबै पक्षहरू बीच आवश्यक समन्वय गरी कामकारवाही अघि बढाउने ।

ङ) ठेकेदार र सडक डिभिजनसँग समन्वय गरी शान्ति सुरक्षाको बलियो, पर्याप्त र भरपर्दो व्यवस्था जिल्ला प्रशासन कार्यालयले गर्ने ।



Scanned with CamScanner